# सियारी गाउँपालिका
**Siyari Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Ref. No.

च.नं./Dispatch No.

मिति/Date: २०८०।०४।०२

## ॥ सूचना ॥

नदीजन्य पदार्थको जिल्ला अनुगमन समिति रुपन्देहीको मिति २०८०।०४।०१ गते बसेको बैठकको निर्णय तथा निर्देशन समेतको आधारमा यस कार्यलयको मिति २०८०।०४।०२ को निर्णय अनुसार नदीजन्य पदार्थको सम्बन्धमा तपसिल बमोजिम गर्नु हुन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आ.व. २०७९/०८० मा यस गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन् बिक्री वितरण गर्न लगाएको ठेक्का बमोजिम घाटगद्दी गरिएको नदीजन्य पदार्थ सो ठाउँबाट यथाशीघ्र हटाई खाली गर्न आ-आफ्नो घाटगद्दी गरिएको नदीजन्य पदार्थको स्टक प्रमाणित गराई घाटगद्दी खाली गर्ने समय तालिका सहित ५ दिन भित्र निवेदन पेश गर्ने।

२. यस गाउँपालिकाको विभिन्न ठाउँमा संकलन गरी राखिएका घाटगद्दी बाहेकका नदीजन्य पदार्थको स्रोत खुल्ने खरिद गरेको विल भरपाई समेतका प्रमाण सहित स्टक प्रमाणित गर्नका लागि ५ दिन भित्र निवेदन पेश गरी स्टक प्रमाणित गराई राख्ने र स्टक प्रमाणित नभए सम्म तत्काललाई उक्त स्थानको नदीजन्य पदार्थ बिक्री वितरण बन्द गर्ने ।

३. क्रसर उद्योग लगायत नदिजन्य पदार्थ सप्लायर्स कम्पनीहरुमा आ.व.२०८०।०८१ शुरू भएपछि रहेका नदिजन्य पदार्थको स्टक र खरिद बिक्रीको अवस्था पछि गाउँपालिका, जिल्ला अनुगमन समिति, आन्तरिक राजश्व कार्यालय लगायतका निकायले अनुगमन र नापजाँच गर्दा फरक नपर्ने गरी ५ दिन भित्र आ-आफ्नो स्टकको परिमाण गाउँपालिमा पेश गर्ने।

४. नदीजन्य पदार्थहरुको स्टक प्रमाणित गर्ने क्रममा स्रोत नखुलेको, खरिद गरेको बिल भरपाई एकिन हुन नसकेमा त्यस्तो नदिजन्य पदार्थ जफत गरी कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

५. नदिजन्य पदार्थको स्टकको विवरण लगायतको अनुगमन गर्न आउने गाउँपालिका तथा जिल्ला अनुगमन टोलीलाई आवश्यक सहयोग र सहजिकरण सरोकारवालाले गर्नु पर्ने।

.............................................
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही।
श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही।
श्री जिल्ला प्रहरी कार्यालय, रुपन्देही।
श्री वडा प्रहरी कार्यालय, भैरहवा, रुपन्देही।
श्री सशस्त्र प्रहरी वल गण नं २७ हे.क. रुपन्देही।
श्री सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्प, प.अमवा, रुपन्देही।
श्री चिल्हिया प्रहरी चौकी, सियारी-१, रुपन्देही।
श्री ईलाका प्रहरी कार्यालय, बनघुसरी, रुपन्देही।
श्री ईलाका प्रहरी कार्यालय, बेथरी, रुपन्देही।
श्री १ नं., ३ नं., ४ नं. र ७ नं. वडा कार्यालय, सियारी, रुपन्देही।

**अबगतार्थ**

श्रीमान अध्यक्ष ज्यू, सियारी गाउँपालिका।
श्रीमान उपाध्यक्ष ज्यू, सियारी गाउँपालिका।